# रोहिणी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

धकधई, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

# विद्युतिय बोलपत्र फाराम

ठेक्का नं.: **07/SQ/Goods/RRM/2079/80**

कार्यक्रमको नामः रोहिणी खोलाबाट भस्कट बिक्रि वितरण

खोलाको नामः रोहिणी खोला, रुपन्देही

नाकाको नामः बैरिहवा नाका

उत्खन्न गरिने स्थानको विवरणः बैरिहवा नाका [ शुरुवात बिन्दुः २७°२९' ८.८७"N र ८३°३०'२.३८"E अन्तिम बिन्दुः २७°२९'२.०१"N र ८३°३०' २.५४"E ]

जारी मितिः २०८०/०१/१४

# रोहिणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धकधई, रुपन्देही

लुम्बिनी प्रदेश,नेपाल

## आय ठेक्काको वोलपत्र/सिलवन्दी दरभाउपत्र सम्बन्धी दोस्रो पटक आह्वान गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०१/१४**

लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन, २०७९, स्थानीय सरकार संचालन ऐन २०७४, रोहिणी गाउँपालिकाको आर्थिक ऐन २०७९ तथा यस गाउँपालिकाबाट स्वीकृत वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेख भए अनुसार नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोतको शुल्क लगाइनेछ भन्ने उल्लेख भएकोले खोला ठेक्काको हकमा सम्झौता अवधि देखी चालु आ.व.को जेष्ठ मसान्त सम्मको लागि ठेक्का बन्दोबस्ती गर्न मितीः २०७९/०९/२५ को गाउँपालिका बैठकको निर्णय, न्युनतम कवोल अंक कायम गर्ने सन्दर्भमा राजश्व परामर्श समितिको सिफारिस समेतको आधारमा एघारौं गाउँसभाबाट स्वीकृत दररेट बमोजिम तपसिल अनुसारको आय ठेक्कको राजस्व उठाउने सम्बन्धमा इच्छुक कम्पनी वा फर्मको इजाजतपत्र/व्यवसाय दर्ता प्रमाणपत्र, आय कर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कम्तिमा आ.व.०७८/७९ को आयकर चुक्ताको प्रमाण संलग्न राखी www.bolpatra.gov.np/egp मार्फत बिद्युतिय वोलपत्र (E-Bidding) मार्फत सिलबन्दी वोलपत्र/दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सरोकारवाला फर्म वा कम्पनीहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| आय ठेक्का न. | आय ठेक्काको नाम | संकलन/उत्खनन् गर्नुपर्ने परिमाण (घन फिटमा) | बिक्रि दर रु. (भ्याट बाहेक) | न्युनतम अंक रु. (भ्याट बाहेक) | ठेक्का अवधि | बोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 07/SQ/Goods/RRM/2079/80 | रोहिणी खोला बैरिहवा क्षेत्र, रोहिणी गा.पा | ४,५१,५८४ | ६.०० | २७,०९,५०४ | २०८० जेष्ठ मसान्त | ३००० | |

## ठेक्का सम्बन्धी शर्तहरु

१. कार्यालयबाट प्रमाणित भएको वोलपत्र फारम www.bopatra.gov.np/egp बाट Download गरी तोकिएको दस्तुर रु. ३००० (अक्षरुपी रु तिन हजार मात्र) रकम एन.आई.सी एसिया धकधई शाखामा रहेको आन्तरिक राजश्व खाता ०९४२०५००२९२११००३ खातामा जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ । खरिद भएका बोलपत्रको पानामा सही छाप, फर्मको नाम, ठेगाना र ठेक्काको नाम, कबोल अंक इत्यादी विवरण भरी मिति २०८०/०१/२४ गते कार्यालय समय भित्र Download गरी मिति २०८०/०१/२४ गते दिनको १२:०० बजे सम्म Upload गर्न सकिने छ ।

२. पेश भएका टेण्डरहरु मिति २०८०/०१/२४ गते दिनको २:०० बजे ठेकेदार आफैं वा ठेकेदारको प्रतिनिधीको रोहवरमा खोलिनेछ । सो समयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयको प्रतिनिधिहरुको रोहबरमा टेण्डर खोल्न बाधा पर्नेछैन ।

३. टेण्डर फाराम पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोली पल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ ।

४. पेश भएको बोलपत्र कागजातमा निर्माण व्यवसायीको अनिवार्य सहि छाप गरी पेश गर्नु पर्नेछ ।

५. बोलपत्रमा कबुल रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. धरौटी बापत कबोल अंकको (VAT समेतको) ५% ले हुने रकम एन.आई.सी एसिया धकधई शाखामा रहेको हि.न. ९४४१४९८७३४५२४००२ खातामा जम्मा गरेको भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी गरिएको कम्तिमा १२० दिन मान्य हुने बिडबण्डको सक्कल प्रति समेत www.bolptara.gov.np/egp मा Upload गर्नुपर्नेछ । प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन ।

७. ठेक्का लिए बापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ । उक्त करहरु किस्ता संगै अग्रिम बुझाउनु पर्नेछ ठेक्का रकमबाट घटाउन पाइनेछैन ।

८. टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले सात दिन भित्र खोला ठेक्काको हकमा कबोल अंकको १.५% अग्रीम आयकर तथा १३% मूल्य अभिवृद्धि कर (VAT) बापतको रकम रोहिणी गाउँपालिकाको नामबाट सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ वा सो बापतको रकम गाउँपालिकामा पेश गर्नुपर्नेछ । स्वीकृत ठेक्काको हकमा सम्झौता गर्दाको बखतमा ५०% रकम(नगदै) प्रथम किस्ता र बाँकी रकमको हकमा मान्यता प्राप्त 'क' बर्गको वाणिज्य बैंकको तोकिएको अवधि सम्मको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । तोकिएको समयमा दोश्रो किस्ता रकम नबुझाएमा बैंक जमानतबाट असुल उपर गरिनेछ ।

९. ठेकेदारले नदिजन्य पदार्थ उत्खनन् तथा बिक्रि गर्दा आय ठेक्का नः 07/SQ/Goods/RRM/2079/80 को रोहिणी खोलाको हकमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) प्रतिवेदनमा उल्लेख गरिएका क्षेत्रहरुः

| क्षेत्र | स्थानीय घाटको नाम | GPS अवस्थितीको केन्द्र बिन्दु | | | |
|---|---|---|---|---|---|
| | | शुरुवात बिन्दु | | अन्तिम बिन्दु | |
| | | अक्षांश(उत्तरी) | देशान्तर(पूर्वी) | अक्षांश(उत्तरी) | देशान्तर(पूर्वी) |
| साईट ३, वडा नं. २ | बैरिहवा | २७° २९' ८.८७"N | ८३° ३०' २.३८"E | २७° २९' २.०१"N | ८३° ३०' २.५४"E |

बाट प्रतिबेदनमा वार्षिक उत्खनन गर्न सिफारिस गरिएको परिमाण जम्मा ४,५१,५८४ घन फिट मात्र भन्दा बढी नहुने गरी, रोहिणी गाउँपालिकाले चालु आ.व.को लागि तोकेको दररेट रु.६।०० प्रतिघन फिट मा उत्खनन् गरी बिक्रि बितरण गर्नुपर्ने छ । ठेकेदारले पेश गरेको दररेट संकलन स्थलको यथार्थ वस्तुस्थिति बुझि पेश गरेको भन्ने बुझिनेछ। उत्खनन्/संकलन गरेको नदिजन्य पदार्थहरु नदीकिनारमा घाटगद्दि गर्न पाइने छैन, तोकिए बमोजिमको घाटगद्दिको व्यवस्था बोलपत्रदाता आफैले गर्नुपर्नेछ, यसको लागि तोकिए बमोजिम भन्दा बढी दररेट लिन पाइनेछैन ।

१०. नेपाल सरकार, प्रदेश सरकार र रोहिणी गाउँपालिकाले समय-समयमा जारी गरेको नीति, निर्देशन तथा आदेशको पालना गर्नु ठेकेदारको कर्तब्य हुनेछ ।

११. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार रोहिणी गाउँपालिकामा सुरक्षित रहने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२. ठेक्का कबोल गर्ने ठेकेदारले रोहिणी गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसीदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई ती रसीदहरु यस कार्यालयबाट प्रमाणीत गराई मात्र प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी आएमा कानुन बमोजिम कारवाही गरिनेछ ।

१३. ठेकेदारले उठाउने कर, शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्ग बाट (तगारो) राखी कर उठाउने पाइने छैन । साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमै राख्नु पर्नेछ ।

१४. ठेक्कामा कुनै विवाद भएमा रोहिणी गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

१५. भारी उपकरण मेशिन प्रयोग गर्ने सम्बन्धित व्यवस्था वातावरणीय परीक्षण प्रतिवेदन (IEE) र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. नदीको किनारबाट भु-क्षय हुनेगरि डिल, भिर र भित्तो खनि, खोस्री गरि ढुगां, बालुवा, ग्रावेल, गिट्टी निकाल्न पाइने छैन ।

१७. ठेकेदारले घाट क्षेत्रमा फोहरमैलाको व्यवस्थापन गर्नुका साथै बस्ती क्षेत्रमा ध्वनि प्रदुषण नहुने गरि ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

१८. ठेकेदारले कामदारका लागि प्राथमिक उपचारका साथै माक्स, हेलमेट, आदिको व्यवस्था मिलाउनु पर्नेछ ।

१९. बिहान ८:०० बजे भन्दा अगाडि र साँझको ५:०० बजेपछि ढुवानीका साधनहरुले घाटस्थलमा प्रवेश गर्न पाइनेछैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानुन बमोजिम कारवाही गरिनेछ ।

२०. यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

२१. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सुचनाको शर्तहरु विपरित कार्य गरेमा जुन सुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

२२. गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति तथा फर्महरुको बोलपत्र स्वीकृत हुनेछैन ।

२३. बोलपत्र सम्बन्धि बिस्तृत विवरणको लागि यस कार्यालयको वेबसाइट www.rohinimun.gov.np वा www.bolpatra.gov.np/egp मा तथा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत
रोहिणी गाउँपालिका

रोहिणी गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>धकधई, रुपन्देही

## *रोहिणी गा.पा. को आय ठेक्काको विद्युतिय बोलपत्र फाराम*

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८०/०१/१४

श्रीप्रसाद गौतम<br>प्रमुख प्रशासकीय अधिकृत

| ठेक्का नंः | आय ठेक्का विवरण | न्यूनतम अंक रु. | कबोल अंक (भ्याट बाहेक) | | | |
|---|---|---|---|---|---|---|
| | | | दररेट अंकमा | दररेट अक्षरमा | धरौटी | कैफियत |
| 07/SQ/Goods/RRM/2079/80 | रोहिणी खोला बैरिहवा क्षेत्र, रोहिणी गा.पा | २७,०९,५०४ | | | | |
| | भ्याट @ १३% | ३,५२,२३५.५२ | | | | |
| | जम्मा | ३०,६१,७३९.५२ | | | | |

टेण्डर पेश गर्ने फर्मको नामः-

सहि/छापः-

प्रोपराइटरको नाम,थर :-

ठेगानाः-

सम्पर्क नम्बरः-